अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।०३ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

जिल्ला भोजपुर, हतुवागढी गाउँपालिकामा कार्यरत इन्जिनियर मिसुहाङ्ग किराँत र सोही कार्यालयका सव-इन्जिनियर नइन्द्र पारोहाङ्ग राईसमेतले बाटो मर्मतको बिल भुक्तानी दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निज इन्जिनियर मिसुहाङ्ग किराँतलाई घुस/रिसवत बापतको रकम रू.५०,०००/-(पचास हजार) र निज सव-इन्जिनियर नइन्द्र पारोहाङ्ग राईलाई घुस/रिसवत बापतको रकम रू.२०,०००/-(बीस हजार) लिइसकेको अवस्थामा निजहरूकै कार्यालय परिसरबाट उक्त रकम सहित रङ्गेहात पक्राउ गरी नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता